"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
## DHARAN SUB-METROPOLITAN CITY
# नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
( शिक्षा, युवा तथा खेलकुद महाशाखा शाखा)

( Section)

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल

Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-

चलानी नं. :- ८66

मितिः २०७६।०५।११

विषयः - अन्तर्राष्ट्रिय साक्षरता दिवस तथा राष्ट्रिय दिवस २०७६ मनाउने सम्बन्धमा ।

श्री सवै सामुदायिक तथा संस्थागत विद्यालयहरु

धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा मिति २०७६।०५।२२ (8 September 2019) गतेका दिन ५३ औं अन्तर्राष्ट्रिय साक्षरता दिवस तथा ४० औं राष्ट्रिय शिक्षा दिवस धरान उपमहानगरपालिका भित्र विभिन्न कार्यक्रमहरु आयोजना गरी भव्यताका साथ मनाउने निर्णय भएकोले देहाय बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

तपसिलः

१. "हामी सवैको प्रण, सार्वजनिक शिक्षा प्रणालीको सवलीकरण" विषयमा सवै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा माध्यमिक तह (कक्षा ९- १२) मा अध्ययनरत विद्यार्थीहरुबीच मिति २०७६।०५।१९ गते विहिवारका दिन श्री पब्लिक हाइ स्कूल, धरान-१२ मा विहान ११:०० बजे देखि निबन्ध प्रतियोगिता संचालन हुने हुँदा सवै विद्यालयहरुबाट १ जना छात्र वा छात्रा सहभागी गराइदिनु हुन ।

२. "हाम्रो बालमैत्री विद्यालय" विषयमा सवै सामुदायिक विद्यालयहरुमा आधारभूत तह (कक्षा १- ८) मा अध्ययनरत विद्यार्थीहरुबीच मिति २०७६।०५।१९ गते विहिवारका दिन श्री पब्लिक हाइ स्कूल, धरान-१२ मा विहान ११:०० बजे देखि चित्रकला प्रतियोगिता संचालन हुने हुँदा सवै सामुदायिक विद्यालयहरुबाट १ जना छात्र वा छात्रा सहभागी गराइदिनु हुन ।

३. मिति २०७६ साल भाद्र २२ गते धरान उपमहानगरपालिकाले आयोजना गर्ने अन्तर्राष्ट्रिय साक्षरता दिवस तथा राष्ट्रिय शिक्षा दिवस समारोहमा सवै विद्यालयका प्रधानाध्यापकहरु अनिवार्य रुपमा श्री पब्लिक हाइ स्कूल, धरान-१२ मा विहान ११:०० बजे उपस्थित हुनु हुन ।

४. निबन्ध तथा चित्रकला प्रतियोगितामा सहभागी हुने विद्यार्थीहरुको विवरण मिति २०७६।०५।१८ गते भित्र धरान उपमहानगरपालिका, शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेस गर्नु हुन ।

.............

रामचन्द्र कार्की

शाखा अधिकृत

**बोधार्थः**

श्री सूचना शाखा,धरान उपमहानगरपालिका - पत्र Website मा राखिदिनु हुन ।

कार्यकारी अधिकृत: ०२५-५२०२७९, आर्थिक प्रशासन: ५२५४९०, सूचना, राजस्व: ५२०१०९, कार्यालय: ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्स: ५२११९१ वरुणयन्त्र: १०१, ५२०११९

E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np